आज मिति २०७८/ ०२ / ३१ / गते सोमवारका दिन नवलपरासी जिल्ला (ब.सु.प.) प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ मा जिल्ला समन्वय समितिका प्रमुख श्री शिव शंकर प्रशाद रायज्यूको संयोजकत्वमा **सुरक्षित नागरिक आवास समन्वय समिति**को बैठक बसि सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी छलफल गरि तपशिल अनुसारको निर्णयहरु गरियो ।

उपस्थिति:

१. प्रमुख श्री शिव शंकर प्रशाद राय जिल्ला समन्वय समिति नवलपरासी (ब.सु.प.) संयोजक

२.प्रमुख श्री धिराज शर्मा बस्याल बर्दधाट नगरपालिका सदस्य

६.ईन्जिनियर,श्री कमलमणी खतिवडा, सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन सदस्य-सचिव

आमन्त्रीत

१.आयोजना प्रमुख,श्री प्रकाश अर्याल सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन
२. ईन्जिनियर, श्री सरोज शर्मा , सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन
३.
४.
५.
६.
७.

प्रस्ताव तथा निर्णयहरु :

**प्रस्ताव नं.१:** सुरक्षित नागरिक आवास कार्यान्वियन (पहिलो संशोधन ) कार्यविधि २०७६ को दफा १५ मा व्यवस्था भए अनुसार कार्यक्रम लागु हुने नगरपालिका बाट ऐ. कार्यविधिको दफा ४ अनुसार लाभग्राही छनौट गर्ने सम्वन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ मा छलफल हुँदा चालु आ.व.०७७/७८ मा नवलपरासी (ब.सु.प.)प्रतिनिधि सभा निर्वाचन क्षेत्र न.१ मा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा, सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन ) कार्यविधि २०७६ वमोजिम सुरक्षित आवास निर्माणको लागि नवलपरासी. (ब.सु.प) जिल्ला स्थित बर्दधाट नगरपालिका वाट अनुसुची –१ बमोजिम विवरण सहित फारम भरी सघन शहरी तथा भवन निर्माण आयोजनामा पेश हुन आएको सन्दर्भमा कार्यविधिमा व्यवस्था भए वमोजिम सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले अङ्क प्रदान गरि लाभग्राहीको सूचि तयार गरेको र उक्त सूचिमा उच्चतम अंक प्राप्त गर्ने संलग्न तालिका बमोजिमका लाभग्राही छनौट गर्ने निर्णय गरियो ।

| स्थानीय तह | यस आबको स्वीकृत वार्षीक कार्यक्रमानुसार स्वीकृत घर सङ्ख्या : | यस बैठकवाट छनौट भएका लाभग्राही | छनौट भएका वडाहरु |
|---|---|---|---|
| बर्दघाट नगरपालिका | २७२ | २७२ | ४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६ |

६० ६० क्रमागत कार्यक्रम

साथै छनौट भएका लाभग्राहीहरुलाई नवलपरासी, (ब.सु.प्र.) जिल्ला स्थित बर्दघाट नगरपालिका वाट **सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन ) कार्यविधि २०७६** अनुसूची –२. वमोजिम सम्झौता गरी सो सम्झौतामा भएको ब्यवस्था वमोजिम कार्य अगाडी वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.२ विविध**

**निर्णय नं.२.१** प्रस्ताव नं. १ मा निर्णय भएका लाभग्राहीहरुको कुनै कारणवश घरजग्गाको विवाद भएमा,ऐलानी/सार्वजनिक/प्रर्ति क्षेत्रमा घर भई कुनै किसिमले मुद्दा परी रोक्का भएमा, सार्वजनिक बाटो/स्थानमा घर भएमा ,अरुको जग्गामा घर भएमा, कार्यविधिको दफा ३ बमोजिमको लक्षित बर्गमा पर्न झुटा विवरण पेश गरेको ठहर भएमा आदि विभिन्न कारणहरुले सुरक्षित नागरिक आवास निर्माण नहुने अवस्था सृजना भएमा सोको विकल्पको रुपमा प्रतिक्षा सूचिमा रहेका लाभग्राहीहरुलाई बैकल्पीक सूचीमा भएको प्राथमिकताक्रमलाइ नै आधार मानी क्रमस: सुरक्षित आवास निर्माण गर्न सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.२.२** यस बैठकवाट तोकिएको सङ्याका सम्पुर्ण लाभग्राही छनौट हुन नसकेको भएमा वा सम्बन्धित नगरपालिका वाट प्राप्त फारमहरु स्पष्ट रुपले नभरेका वा नबुझिएको कारणवाट कुनै वास्तविक लाभग्राही छुटेको भएमा त्यसता फारमहरु पुन सङ्कलन गरी सघन सहरी तथा भवन निर्माण आयोजनामा पेश गर्ने । सघन सहरी तथा भवन निर्माण आयोजनामा अङ्क प्रदान भइसकेपछी बाँकी लाभग्राहीको छनौट अर्को बैठकमा गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२.३** सुरक्षित नागरिक आवास निर्माण गर्ने क्रममा न्यूनतम गुणस्तर कायम गर्न तथा एकरुपता ल्याउन जस्ता पाताको न्यूनतम मोटाई ०.४ मिलिमिटर कायम गर्ने तथा पहिचानको लागि एकरुपता कायम गर्न एकै रङ्गको जस्तापाता प्रयोग गर्न प्रोत्साहन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२.४** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले शहरी विकास तथा भवन निर्माण विभागमा नियमित रुपमा अध्यावधिक विवरणहरु पेश गरी रहनु पर्ने भएकोले उक्त कार्यका लागी आवश्यक थप बजेट माग गर्ने, सुचना आदानप्रदान तथा सहजिकरणका लागि लाभग्राहीहरु सँग सम्झौता भै सकेपछि र निर्माण कार्य सम्पन्न भैसकेपछी सम्बन्धित नगरपालिकाहरुले त्यसको विवरण मासिक रुपमा सघन शहरी तथा भवन निर्माण आयोजना चितवनमा पेश गर्ने निर्णय गरियो ।